# बैठक नं. २०

(बैठक संख्या २८)

आज मिति २०८०/०१/१९ गतेका दिन बिहान ८:०० बजे यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री भक्त जङ्ग राना | |
| १५ | अधिकृत छैटौं | श्री विमला गैह्रे | |
| १६ | सब इन्जिनियर | श्री मुक्त बहादुर फाल | |
| १७ | सब इन्जिनियर | श्री नारायण भण्डारी | |
| १८ | कार्यालय सहयोगी | श्री किर्तिनिधी शर्मा | |
| १९ | हलुका सवारी चालक | श्री नारायण भुषाल | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं. १**

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्विकृत सम्बन्धमाः**

यस गाउँपालिका भित्रका कालीगण्डकी नदि, सहदिखोला र अगाहाँखोला नदिअन्तर्गतका विभिन्न घाँटहरुको प्रारम्भिक वातावरणीय परीक्षणको लागि यस रम्भा गाउँपालिका र सिभिल वर्क्स एण्ड इञ्जिनियरिङ सर्भिसेस प्रा.लि. बिच भएको सम्झौता अनुसार उक्त प्रा.लि.द्धारा प्रस्तुत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमाथि छलफल गरी उक्त प्रतिवेदन स्विकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं. ३**

**नदिजन्य प्राकृतिक श्रोतको निकासी सम्बन्धमाः** नदिजन्य प्राकृतिक श्रोत (ढुङ्गा, गिटि, बालुवा (कच्चा निर्माण सामाग्री))आदि निकासीको लागि सालिन्दा नदि तथा खोलाले बगाएर ल्याउने नदिजन्य पदार्थहरुको उपयोग नहुदाँ नदि तथा खोलाले बाटो बदल्ने र धनजनको समेत क्षति हुने हुदाँ यस रम्भा गाउँपालिकाको ~~संक्षिप्त~~ प्रारम्भिक वातावरणीय ~~अध्ययन~~ परीक्षण समेतलाई आधार मानेर प्राकृतिक श्रोतको चोरी निकासी समेतलाई रोकी स्थानिय स्तरका पूर्वाधार निर्माणलाइ गतिसिलता प्रदान गर्नको लागि प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन(प्रदेश आर्थिक ऐन, २०७९)मा तोके बमोजिमको दररेट तथा यस गाउँपालिकाको नदिजन्य पदार्थ तथा प्राकृतिक श्रोत निकासी कार्यविधि, २०७६ (पहिलो संशोधन समेत)लाइ टेकी हेभि इक्युपमेन्ट प्रयोग नगरी, कर्मचारीको व्यवस्था गरी निकासी हुने क्षेत्रका बाटोलाइ गाउँपालिकाले नै व्यवस्थापन गर्ने गरी अमानतमा नदिजन्य पदार्थ(ढुङ्गा, गिटि, बालुवा (कच्चा निर्माण सामाग्री)) निकासी कार्यलाई अगाडि बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ४**

**१५ शैया अस्पतालको डि.पि.आर रकम भुक्तानी सम्बन्धमाः** यस गाउँपालिका र शुसमृद्द नेपाल ईञ्जिनियरिङ सोलुसन एण्ड कन्सल्टेन्सी प्रा. लि. बिच भएको सम्झौता अनुसार रम्भा गाउँपालिका वडा नं. ५ मा डि.पि.आर. निर्माणको कार्य सम्पन्न भइ १५ शैयाको अस्पताल निर्माणको कार्य समेत सुरु भइ सकेको हुदाँ डि.पि.आर. बापतको रकम रु १२,४८,५५२.८२(अक्षेरुपि रु बाह्र लाख अड्चालिस हजार पाँच सय बाउन्न रुपैया र बयासी पैसा मात्र) नियमानुसार छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

**राजश्व शाखा प्रमुखको जिम्मेवारी तोक्ने सम्बन्धमाः** यस रम्भा गाउँपालिकाको राजश्व शाखामा रिक्त कर्मचारी पदपूर्ति गरि राजश्व शाखालाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि प्रशासन शाखामा कार्यरत श्री विमला गैह्रेलाई राजश्व शाखा प्रमुखको थप जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

**योजना प्रगतिको सम्बन्धमाः** यस गाउँपालिकाको आ.व. ०७९/०८० का लागि स्वीकृत वार्षिक कार्यक्रम तथा योजनाहरुको प्रगतिको सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं. ७**

**कार्यविधि स्वीकृत सम्बन्धमाः** उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न साथै व्यवसायिक कारोवारको दर्ता, नविकरण, आपूर्ति मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापहरुको नियमन गर्न

गाउँपालिकाबाट नियमित रुपमा बजार अनुगमन गर्न आवश्यक रहेकोले "**रम्भा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८०**" स्वीकृत गर्ने निर्णय गरीयो ।